नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धादिङबेशी, धादिङ

बागमती प्रदेश, नेपाल

## एम.आई.एस. अपरेटर सेवा करारमा लिने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति: २०७८।११।२५)

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत यस कार्यालयमा रिक्त रहेको तपसिल बमोजिमको जनशक्ति, सेवा इकाईका लागि जनशक्ति छनौट सम्बन्धी मापदण्ड, २०७६ अनुसार सेवा करारमा लिनुपर्ने भएकाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवश्यक विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त बुझाउन अनुरोध गरिन्छ ।

१. **करार सेवामा आवश्यक जनशक्ति विवरणः**

| सि.नं. | विज्ञापन नं. | पद | माग संख्या | पारिश्रमिक |
|---|---|---|---|---|
| १. | ०५-०७८।०७९ | एम.आई.एस. अपरेटर | १ | सहायकस्तर पाँचौं तहको सुरु स्केल |

२. **आवश्यक न्यूनतम् शैक्षिक योग्यताः** कम्तिमा मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ मा कम्प्युटर विषय लिई उतीर्ण गरेको वा कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी कम्प्युटर सम्बन्धी कम्तीमा ६ महिना तालिम प्राप्त गरेको ।

३. **उमेरः** १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको, महिलाको हकमा ४० बर्ष ननाघेको ।

४. **दरखास्त दिने अन्तिम मितिः** २०७८।१२।०९

५. **सम्पर्क मितिः** दरखास्त दिने मितिको भोलिपल्ट ।

६. **दरखास्त दस्तुरः** रु. ३००।-

७. **दरखास्त फाराम पाईने तथा बुझाउने स्थानः** नीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धादिङ

८. **दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरुः** नागरिकता प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपी, कम्प्युटर तालिम प्रमाणपत्रको प्रतिलिपि, ३ प्रति पासपोर्ट साईजको फोटो, अनुभव सम्बन्धी कागजात ।

९. **छनौटको आधारः** सेवा इकाईको लागि जनशक्ति छनौट सम्बन्धी मापदण्ड २०७६ बमोजिम संक्षिप्त सूची, कम्प्युटर टाइपिंग तथा सीप परीक्षण र अन्तर्वार्ता।

१०. **शर्त तथा मापदण्डः** करार सेवाको लागि प्रचलित कानूनद्धारा अयोग्य नठहरेको हुनुपर्ने ।

११. यो सूचना अनुसार दरखास्त तथा सेवा करार स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

अन्य थप जानकारीको लागि नीलकण्ठ नगरपालिकाको वेभपेज www.neelakanthamun.gov.np वा कार्यालयको फोन नं. ०१०-५२०५५९ मा सम्पर्क राख्न सकिनेछ ।

(नेत्रप्रसाद पौडेल)
प्रमुख प्रशासकीय अधिकृत